# युक्रेनबाट पछि हट!

(*रिभोल्यूशनरी डेमोक्रेसीको सेप्टेम्बर 2022 अंकको संपादकीय)*

24 फरवरी 2022का दिन भ्लादिमिर पुतिन द्वारा शासित रूसले युक्रेनमाथि युद्ध शुरु गऱ्यो । रूस एउटा एकाधिकार पूंजीवादी र साम्राज्यवादी मुलुक हो । यसको सामजिक साम्राज्यवादी चीनसित गठबन्धन छ, जुन रूसको सहयोगी हो । उस्तै, अमेरिका, युरोपेली संघ, ब्रिटेन साम्राज्यवाद र नेटोको सहयोगी देश युक्रेन एउटा निर्भर देश हो । युक्रेन मार्फत अमेरिका र उसका सहयोगी देशहरु आफ्नो प्रतिस्पर्धी देश रूससित छद्म युद्ध गर्दै छन् । यस युद्धमा यिनीहरुले एझोव बटालियन जस्ता नव-नाजीवादी ताकतहरुको प्रयोग गरि रहेका छन ।

रूसलाई साम्राज्यवादी देश भनेर परिभाषित गर्न सकिन्छ । यस देशमा एकाधिकार पूंजीवाद चरम स्तरमा केन्द्रित छ, पूंजीको निर्यात पर्याप्त छ । रूसमा ट्रस्ट र बैंकहरुको विलयको अर्थ हो यहाँ वित्त पूंजीको अस्तित्व छ जुन निर्भर देशहरुमा निर्यात हुन्छ । राजनीतिमा रूसी साम्राज्यवादको दर्शन उसको विदेश नीतिमा प्रष्ट देखिन्छ । रूसले लीबियामा गद्दाफीलाई हटाए पछि दखल गऱ्यो । उसले सीरियाको युद्धमा भाग लियो तथा नौसेना र वायुसेना अड्डाहरु सीरियामा निर्माण गऱ्यो । सेन्ट्रल अफ्रीका रिपब्लिक र मालीमा रूस सक्रीय छ । रूसले डीपीआर कोरियामाथि पश्चिमी मुलुकहरुले लगाएका प्रतिबन्धहरुको संयुक्त राष्ट्र संघमा समर्थन गऱ्यो । सन् 1999मा रूसले उल्यानोविस्क भोस्टोक्मि (Ulyanovsk Vostochmy) हवाई अड्डालाई अफगानिस्तानमा ट्रान्जिट सामग्री लैजानकालागि नेटोलाई प्रयोग गर्न अनुमति दियो । पछि 21 मार्च 2012मा रूसका उप प्रधानमन्त्री दिमित्री रोगोजिनले सोहि अड्डालाई इराक र अफगानिस्तान जाने नेटोका केही विमानहरुलाई प्रयोग गर्न दिइने घोषणा गरे ।

पुतिनको ले पेन, ओरबान र ट्रम्पसित राम्रो सम्बन्ध रहेको कुरा कुनै गुप्त जानकारी होइन । रूसको "नजिकको पराराष्ट्र" सम्राज्यवादी प्रभाव दक्षिण ओसेटिया, अबखाजिया, बेलारूस, कजाकिस्तानमा महसुस गरिन्छ र उसले युक्रेनमा डोनबास जनगणन्त्र स्थापित गर्‍यो; ट्रान्सनिस्ट्रियालाई मोलडोभाबाट तोड्यो र त्यहाँ सैन्य अड्डा स्थापित गर्‍यो । यी सबै देशहरु र क्षेत्रहरुमा पुतिनको नजिक मानिने रूसी अर्ध सैन्य मर्सनेरी, जसलाई वाग्नर समूह भनिन्छ सक्रिय भूमिका खेलेको छ । युक्रेनमा घुसपैठ रूसी सम्राज्यवादीको अभिन्न चरित्र हो ।

अमेरिका र जर्मनी सम्राज्यवादले सोभियत संघको विघटन पछि केन्द्रीय र पूर्वी युरोपमा आ-आफ्नो प्रभाव विस्तारको प्रयत्न गरे । यिनीहरुले संयुक्त रूपमा नेटोको माध्यमले जर्मन डेमोक्रेटिक रिपब्लिकलाई विलय गराए, बहुराष्ट्रीयता भएको युगोस्लाभियालाई तहसनहस पारे, चैकोस्लोभाकियालाई दुई फाड् गर्दै केही 14 नयाँ राष्ट्रहरुलाई नेटोमा शामेल गराए । समानांतर रूपमा अमेरिका सम्राज्यवादले जर्मन सम्राज्यवादलाई दबाउन खोज्यो जसले यस देशले पछिल्ला दशकहरुमा रूसका साथ आर्थिक सम्बन्ध बनाएको छ । यो स्पष्ट छ कि अमेरिकाको बाइडेनले रूससित टक्करवाला क्लिंटनको उग्र नीतिलाई नै निरन्तरता दिँदै गएका छन् ।

युक्रेनमा 2014को मैदान घटनाहरुबाट निर्वाचित रूस समर्थन नेता Yanukoyehलाई एउटा "कू" गरि हटाइयो र उनको स्थानमा अमेरिका समर्थक Yatsenyukलाई ल्याइयो । यस पछि पश्चिमको आर्थिक हितहरु रूसका ओलिगार्कहरुको हितमाथि हस्तक्षेप गर्दै विस्तार भएका छन् । खासगरि, निवेश क्षेत्रमा अमेरिकाले रूस र रूसी नागरिकहरुको हितमा हमला गरेको छ । मैदान कू को जवाफमा, सुरक्षा चिन्ताहरुले गर्दा रूसले क्राइमियामा कब्जा गर्‍यो जुन 1954 देखि युक्रेनको हिस्सा थियो । 2014 र 2015को मिन्स्क सम्झौता जसले डोनेत्स्क र लुगान्स्क संघीय युक्रेन अन्तर्गत स्वायत्तता दिने थियो, त्यसको पालन गरिएन

। दोस्रो सम्झौता फ्रान्स र जर्मनीको मध्यस्ततामा भएको थियो । युक्रेनले के भन्यो भने स्वायत्तता तब मात्र दिन सकिन्छ जब रूसी सेना पूर्वी युक्रेनबाट बाहिरिन्छ ।

ऐतिहासिक रूपमा डोनबास र लुगान्स् युक्रेनका क्षेत्र हुन । 1897को जनगणनामा देख्न सकिन्छ कि रूसीहरु यी क्षेत्रहरुमा मात्र 18 प्रतिशत थिए । स्टालिनको पालोमा सोभियत संघले भाषाई आधारमा संघीय गणतंत्रहरुको गठन गऱ्यो र यही आधार सोभियत युक्रेनमा लागू भयो । सोभियत संघको समयको युक्रेनको क्षेत्रीय अखन्डता 1991मा युक्रेन स्वतन्त्र गणतन्त्र बन्दा समेत कायम नै रह्यो । पूर्वी युक्रेनमा जारशाही र सोभियत संघले गरेको औद्योगीकरणले गर्दा रूसीहरुको जनसंख्या बढ्यो र यो सोभियत संघको अन्त्य पछि कम भयो । 2021मा लुगान्स्क र डोनेत्स्क क्षेत्रहरुमा रूसी आबादी क्रमशः 39 प्रतिशत र 38 प्रतिशत थियो । डोनेत्स्क क्षेत्रका युक्रेनीहरुले रूसी भाषा पनि बोल्दछन जसले गर्दा रूसी राज्यले दावी गर्दछ कि डोनबासका बाशिन्दाहरु रूसी हुन जबकि यस्तो होइन । (यो कुरा उस्तै हो कि कैन्टोलोनिया लाई स्पेनिश मान्नु किनकि कैन्टोलोनियाका जनताले स्पेनी भाषा पनि बोल्छन ।) ख्रुश्चेभ र ब्रेजनेभ युक्रेनको रूसीकरण शुरु गरे । ब्रेजनेभको नेतृत्वमा बहुराष्ट्रीयता भएको सोभियत संघको सट्टामा एउटा काल्पनिक 'सोभियत राष्ट्र' बनाउने प्रयास भयो । तर सांख्यिकीले के देखाउन्छ भने स्वतन्त्र युक्रेन अस्तित्वमा आए येता रूसीहरुको आबादी वास्तवमा कम भएको छ । युक्रेनले उनिहरुको आधिकारको आदर गरेन । 2014पछि उनिहरुलाई एझोभ बटालियनले आफ्नो निशाना बनायो जसले गर्दा धेरैको मृत्यु समेत भयो ।

युक्रेनी राज्यले डोनबास र लुगान्स्कमाथि आफ्नो प्रभाव र प्राधिकार पुनःप्राप्त गर्न खोज्दा यहाँका रुसी अल्पसंख्यकहरु यी प्रयासहरुलाई काउन्टर गर्न रुसी राज्य माथि निर्भर भए ।

डोनबासको एक भागमा रुसले 'जनगणतन्त्र' स्थापित गर्‍यो । रूसी कब्जावाला डोनबासका केही जनतालाई रूसी पासपोर्ट पनि दिइयो जबकि युक्रेनीहरुले आफ्नो युक्रेनी पासपोर्ट राखी रखे । 'कम्युनिष्ट आन्दोलनले' रूसलाई आफ्नो समर्थन दियो जबकि रुसी सेनाले आफ्नो मजबुत नियन्त्रण जारी राख्यो । Alexei Mozgovoy जस्ता कम्युनिष्ट कमाण्डरहरुको खात्माले, जुन इमानदारीपूर्वक पूर्वी युक्रेनमा जनताको शक्ति निर्माण गर्न चाहन्थिए, रुस र युक्रेनलाई फायदा पुग्यो । नवम्बर, 2014को डोनेत्स्क निर्वाचनमा रूसी राज्यले कम्युनिष्टहरुलाई चुनावमा शामेल हुन दिएन । उस्तै लुगान्स्कमा सैन्य कानून अन्तर्गत सबै पार्टीहरुमाथि राजनीतिक गतिविधिमा शामिल हुन रोक लगाइयो ।

युक्रेनमाथि रूसको घुसपैठ भन्दा पहिला पुतिनले लेनिन, स्टालिन र बोलशेविकहरुको त्यस राष्ट्रीयता नीतिमाथि हमला गरेका थिए जसले युक्रेन राज्यको स्थापना गरेको थियो । पुतिनको तर्क थियो कि सामान रूसी राष्ट्रीयता : युक्रेनीहरु (लिटिल रसियन), बेलारूसीहरु (स्वेत रसियन) र ग्रेट रसियनहरुको अस्तित्व छ । पुतिनले यस कुराको खन्डन गरे कि कहिले स्वतन्त्र युक्रेनी राष्ट्रको अस्तित्व थियो । उनले यसको निर्मण गर्ने दोष बोलशेविकहरुलाई दिए । उनले दावी गरे कि लेनिनले 'रूसी भूमि' तोडेर युक्रेन राज्यको निर्माण गरेका थिए ।

उनको यो दावी रूसको चरम दक्षिणपन्थी र फासीवादी विचारसित मेल खान्छ जसले धैरै समयदेखि युक्रेनको ठुलो हिस्सामाथि कब्जा गर्ने माग गर्दै आएको छ ।

स्टालिनले राष्ट्रलाई यसरी परिभाषित गरेका छन : राष्ट्र ऐतिहासिक रूममा मानिसहरुको स्थिर समुदाय, सामान भाषा, क्षेत्र, आर्थिक जीवन र सामान संस्कृतिक मनोविज्ञानमा आधारित हुन्छ ।" स्टानिलको यो परिभाषालाई लेनिन र

बोलशेविकहरुले स्वीकार गरेका हुन । प्रचीन रसबाट प्रकट भएका विभिन्न भाषाहरुले तीन राष्ट्रहरुको अस्तित्व देखाउँछ : रूसी, युक्रेनी र बेलारूसी ।

पुतिनले भने जस्तै लेनिनले सोभियत युक्रेनको निर्माणको वकालत गरेकै हुन । युक्रेन स्वेच्छिक गणतन्त्रहरुको हिस्सा हुनु थियो जसलाई आत्मनिर्णयको अधिकार थियो । यो सोभियत संघको गठनको मूलभूत आधार थियो ।

महान देशभक्तिपूर्ण युद्ध (दि ग्रेट पैट्रियटिक वॉर) पछि स्टालिनको नेतृत्वमा पश्चिमी युक्रेनका केही हिस्साहरु सोभियत संघमा जोडिए जुन ऐतिहासिक रुपमा ऑस्ट्रिया-हंगरी साम्राज्यका हिस्सा थिए र प्रथम विश्व युद्ध पछि पोल्यान्डको कब्जामा थिए । यसका साथै, युक्रेनमा कारपाथिअन युक्रेनलाई जोडेर युक्रेनी राष्ट्रीय भूभागहरुको एकता पूरा गरियो । रूसी परिसंघको कम्युनिस्ट पार्टी (Communist Party of Russian Federation), जसले युक्रेनमा रूसी युद्धको समर्थन गरि रहेको छ, लेनिन र स्टालिनको राष्ट्रीय नीतिको आलोचनामा पछि छैन । रूसी परिसंघको कम्युनिस्ट पार्टीको तर्क हो कि लुगान्स्क र डोनेत्स्क समेत रूसका छह औद्योगिक क्षेत्रहरु कहिले पनि युक्रेनको हिस्सा थिएनन र यी क्षेत्रहरुलाई लेनिनले युक्रेनमा जोडेका थिए । (Vyacheslav Tetekin, "What is Happening in Ukraine?" *New Worker,* No. 2152, London, pp. 5-6). यो दावी गलत हो किनकि 1897 देखि 2001का जनगणनाहरुले उनको कुराको पुष्टि गर्दैन ।

मैक्सिम लाटुरले तर्क गरेका छन :

> "19औं सदिको अन्त्यमा (1897को जनगणना) आधुनिक डोनेत्स्क र लुगान्स्कका क्षेत्रहरुमा (एकाटेरिनोस्लाभ र खारकोभ प्रान्तहरुको भागमा) युक्रेनीहरुको प्राबल्य थियो । तब रूसीहरुको आबादी यहाँ 18 प्रतिशत थियो

। तसर्थ, "मौलिक रूपमा रूसी क्षेत्रहरुलाई" युक्रेनका दक्षिण-पूर्वी क्षेत्रहरु सुपुर्द गर्ने कुरा धेरै संदिग्ध देखिन्छ । लगभग एक सय वर्षहरुसम्म यी क्षेत्रहरु विधिवत (*De jure)* युक्रेनका भागहरु थिए, सोभियत समाजिक गणतन्त्रको भागको रूपमा र स्वतन्त्र गणतन्त्रको रूपमा पनि । यसरी वास्तवमा (*de facto),* यो क्षेत्र आरम्भमा युक्रेनी-भाषी आबादीको बाहुल्य थियो र रूसीहरु दोस्रो नम्बरका राष्ट्रीय समूह थिए । (M. Latur, Minsk anti-war resolution , Novorossiya , Russia-Ukraine’2014, Social statistics, Ukraine).

पुतिन विपरीत लेनिन र स्टालिनले युक्रेनी राष्ट्रको स्वतन्त्र अस्तित्वलाई स्वीकार गरेका थिए । लेनिनको विचारमा :

"जसले पोल्यान्ड र युक्रेनलाई थिच्नका लागि हामीलाई युद्धमा लैजाने, (जसले पोल्याण्ड र युक्रेनको थिचाइलाई महान रुसीहरूको 'पितृभूमिको रक्षा' भनेर परिभाषित गर्दछ) पूँजीवादीहरुलाई सही ठहर गर्दछ... चापलूस र जाहिल हो, र यस्तो गुलाम प्रति क्रोध, तिरस्कार र घृणाको भावना सही हो ।"

लेनिनले थप भन्छन् :

"युक्रेनको स्वतन्त्रतालाई रूसी समाजवादी संघीय सोभियत गणतन्त्रको अखिल-रूस केन्द्रीय कार्यकारी समिति र रूसी कम्युनिष्ट पार्टी (बोल्शेभिक) दुवैले मान्यता दिएका छन । त्यसैले यो स्वयम् स्पष्ट र सामान्यतः स्वीकृत मान्यता छ कि युक्रेनका मजदुर र किसानहरूले मात्र सोभियतहरुको अखिल-युक्रेन कांग्रेसमा निर्णय गर्न सक्छन् र निर्णय गर्नेछन् कि युक्रेन रसियासँग मिल्छ वा त्यो छुट्टै र स्वतन्त्र गणतन्त्र रहनेछ ।"

स्टालिनले थपेका छन् :

> "भर्खरै यो भनिएको थियो कि युक्रेनी गणतन्त्र र युक्रेनी राष्ट्र जर्मनहरूको आविष्कार हो । यद्यपि, यो स्पष्ट छ कि एउटा युक्रेनी राष्ट्र छ र उसको संस्कृतिको विकास गर्नु कम्युनिस्टहरूको कर्तव्य हो । तपाई इतिहासको विरुद्धमा जान सक्नुहुन्न । यद्यपि यो स्पष्ट छ कि रूसी तत्वहरू अझै पनि युक्रेनी शहरहरूमा प्रबल छन् तर समयको क्रममा यी शहरहरू अनिवार्य रूपमा युक्रेनीकरण हुनेछन् ।"

पूर्वी युक्रेनमा रूसी भाषाको वृद्धि जारशाही र सोभियत संघ अन्तर्गत औद्योगिकीकरणले गर्दा भयो । यस क्षेत्रमा फलाम अयस्क र कोइलाको ठूलो भण्डारको विकासका साथै धातु विज्ञान उदयोगको विकास भयो । स्टालिन कालमा युराल पारी मागनिटोगोर्स्कमा (Magnitogorsk) दोस्रो औद्योगिक बेसको निर्माण न हुँदा सम्म डोनबास जारशाही साम्राज्य र सोभियत संघको प्रमुख औद्योगिक बेस थियो ।

जारी युद्धको चरित्र के हो? एक स्तरमा यो युद्ध अन्तर-साम्राज्यवादी युद्ध हो जसमा एकातिर अमेरिका, ब्रिटेन, युरोपेली संघ र नेटो छन भने अर्कोतर्फ रुसी साम्राज्यवाद छ । अर्को स्तरमामा, सम्प्रभु राष्ट्र युक्रेनमाथि रूसी सैन्य आक्रमणपछि यो युद्ध रूसी साम्राज्यवादविरुद्ध युक्रेनी जनताको राष्ट्रिय युद्ध भएको छ । लोकतान्त्रिक शक्तिहरूले यी दुई देशका दक्षिणपन्थी सरकारहरुको समर्थन गर्न सक्दैनन् । युक्रेन पश्चिमी पुँजीवादमाथि निर्भर छ र यसले नव-नाजीवादलाई प्रोत्साहन दिएको छ । पुतिनको नेतृत्वमा रहेको रूसी राज्यको चरित्र इभान इल्यिन र एलिक्जेन्डर डुगिन जस्ता रुसी प्रतिक्रियावादी, फासिस्ट दार्शनिकहरुको विचारमा

आधारित छ । पुतिनलाई रूसी संघको ख्रुश्चेभवादी कम्युनिष्ट पार्टीको पनि समर्थन छ । पुतिनलाई रूसमा 'कम्युनिस्ट' र फासिस्ट दुवैले समर्थन गरेका छन् ।

रूसमा पुतिनको युद्धको विरोध गर्ने शक्तिहरूसित व्यावहारिक रूपमा ऐक्यबद्धता जनाउनु जरूरी छ । युक्रेनमाथी रूसी साम्राज्यवादको युद्धोको विरुद्ध अन्तर्राष्ट्रियतावादी अडान लिएका रूसी कम्युनिष्टहरूलाई समर्थन जनाउन आवश्यक छ । तिनीहरूले सही रूपमा औंल्याएका छन् : "साम्यवाद विरुद्ध अग्रपंक्तिमा रहेका राज्यहरूले "नाजीवादबाट मुक्ति" दिलाउन सक्दैनन् । श्रमजीवी जनतामाथि खुल्ला आतंकी तानाशाही थोप्ने, सामाजिक प्रगतिलाई दमन गर्ने र पूँजीवादी लोकतन्त्रको समेत दमन गर्ने बाटोमा मजबूतीका साथ कदमताल गर्ने राज्यहरू "फासीवाद विरोधी" होइनन् र हुन सक्दैनन् । उनीहरुको नीति फासीवाद विरोधी नीतिको प्रत्यक्ष विपरित छ ।" (संयुक्त कम्युनिष्ट पार्टी-अन्तर्राष्ट्रियवादीको वक्तव्य)

युक्रेनमा शासन गरि रहेको प्रतिक्रियावादी शासनको बावजुद त्यहाँ रूसी आक्रमणको राष्ट्रिय प्रतिरोध जारी छ । साम्राज्यवाद विरुद्ध लोकतान्त्रिक राष्ट्रिय एकता मोर्चा गठन गर्नकालागि मजदुर वर्ग, किसान र श्रमजीवी जनताको एकता प्रष्ट राजनीतिक अनिवार्यता हो । साम्राज्यवादका प्रतिक्रियावादी शक्ति र स्थानीय प्रतिक्रियाको विरोध गर्ने एउटा असल राष्ट्रिय मोर्चाले मात्र युक्रेनी राष्ट्रलाई स्वतन्त्रतातर्फ लैजान सक्छ ।

**Box**

**सेन्ट पिटर्सबर्गका राजनीतिज्ञहरुले तानाशाही चाहन्छन्**

भ्लादिमिर पुतिन, सेन्ट पिटर्सबर्गका उपमेयर र साठी लाख मानिसहरुको शहरका बाह्य सम्बन्ध समितिका प्रमुखले रूसको वर्तमान राजनीतिक समस्याहरूको समाधानकालागि चिली मोडेलको सैन्य तानाशाहीको प्रस्ताव जर्मन व्यापार प्रतिनिधिहरूसामु साझा गरेका छन् । यो कुरा 'डब्लुडीआर'ले टीभी कार्यक्रम "ड्राइभ टू दि ईस्ट" मा रिपोर्ट गरिएको हो । (सोमवार, 3 जेनुएरी 1994, वेस्ट 3, 21.15 देखि 21.45 बजे सम्म). पुतिनले पिटर्सबर्गको पूर्व जीडीआर जनरल कन्सुलेटमा आयोजित बैठकमा बीएएसएफ, बैंक अफ ड्रेस्डेन, अल्काटेल र अन्यका प्रतिनिधिहरूसित अन्तरक्रिया गर्दै थिए ।

पुतिनले "आवश्यक" र "आपराधिक" हिंसा बीचको अन्तर स्पष्ट पारेका छन । उनले जोड दिँदै भने, राजनीतिक हिंसा "आपराधिक" हो यदि यसको उद्देश्य बजारमा आधारित आर्थिक सम्बन्ध नष्ट पार्ने हुन्छ, तर यो "आवश्यक" हुन्छ यदि यसले निजी पूँजी लगानीलाई अगाडि बढाउँछ र संरक्षण गर्छ । निजीकरणमा संक्रमणको बाटोमा कठिनाइहरुमाथि ध्यान आकर्षण गराउँन्दै पुतिनले येल्त्सिन र सेनाले पिनोचे मोडेलको तानाशाही स्थापना गर्ने तयारी गरेको सम्भावनालाई स्पष्ट रूपमा अनुमोदन गरे । पुटिनको भनाइलाई भनाइलाई जर्मनीका कारपोरेट प्रतिनिधिहरु र त्यहाँ उपस्थित जनरल कन्सुलका प्रतिनिधिले ताली बजाएर स्वागत जनाए ।

***टिप्पणीहरु :***

डब्लुडीआर (*Westdeutscher Rundfunk*) सार्वजनिक टीभी प्रसारणकर्ता हो ।

ड्राइभ टू दि ईस्ट पूर्व तर्फ जर्मन विस्तारवादको नारा थियो ।

*(Neues Deutschland, 31.12.1993)*